# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

प.सं : २०८१/०८२
च.नं. –

## रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

मितिः २०८१/०२/०२

यस आरुघाट गाउँपालिका वडा नं. ८ अन्तर्गत श्री दरबार माध्यमिक विद्यालयमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको मिति २०८२/०२/०१ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना **darbarschool017@gmail.com** मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ, गोरखा ।

श्री दरबार माध्यमिक विद्यालय, आरुघाट ८, गोरखा ।

विवेक खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं. : ०६४४१००४४, इमेल : rm.arughat@gmail.com, info@aarughatmun.gov.np, वेबसाइट : www.aarughatmun.gov.np